# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः १५, भाद्र २२ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधन नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका शिक्षा नियमावली (दोस्रो संशोधन), २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।५।२२

व्यास नगरपालिका शिक्षा नियमावली २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार थप गरी संशोधन गरेको छः

१. नियम ५४ (४) पछि ५४ (५) नगर शिक्षा शाखाले कार्यपालिकाको निर्णयानुसार करार एवं सट्टा शिक्षक नियुक्ति, छनौटका लागि निम्नानुसार योग्यताका विशेषज्ञहरु छनौट गर्नेछ भन्ने प्रावधान थप गरिएको छ ।

(क) माध्यमिक तहको शिक्षकका लागि सम्बन्धित विषयमा स्नाकोत्तर उत्तीर्ण भई मा.वि. र उच्च मा.वि.मा अध्यापनरत न्यूनत्तम तीन वर्ष सेवा गरेका स्थायी शिक्षक,

(ख) आधारभूत विद्यालयको नि.मा.वि. तहका लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण भई विद्यालयमा न्यूनत्तम तीन वर्ष स्थायी शिक्षक भएको,

(ग) आधारभूत विद्यालयको प्राथमिक तहको शिक्षक छनौटका लागि स्नातक तह उत्तीर्ण भई प्राथमिक तहमा न्यूनत्तम पाँच वर्ष स्थायी सेवा पुरा गरेको ।

(६) विशेषज्ञ माग गर्दा न्यूनत्तम पहिलो पटक पन्ध्र दिनको समय दिई विशेषज्ञ सूचीमा दर्ता हुन सूचना प्रकाशन गर्नुपर्नेछ । यस्तो सूचना हरेक वर्ष वा आवश्यकता अनुसार प्रकाशन गरिने छ ।

(७) उपदफा (५) को प्रयोजनका लागि नगरपालिकाको शिक्षा शाखाले विशेषज्ञको सूची अध्यावधिक गरी राख्नुपर्नेछ ।

(८) नगरपालिकामा विज्ञ सूचीमा सम्बन्धित तहको विज्ञ नभएमा अन्य पालिकामा अध्यापनरत विज्ञ सूचीमा भएका शिक्षकहरुलाई आमन्त्रण गर्न सकिने छ ।

आज्ञाले<br>
डिल्लाराम सिग्देल<br>
प्रमुख प्रशासकीय अधिकृत